दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २४८ | बुटवल | २०८१ भदौ १८, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Sept.03 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## दूधको ६० करोड भुक्तानी दिन अर्थमन्त्रालयको पहल

बुटवल । अर्थ मन्त्रालयले निश्चित सर्तसहित दुग्ध विकास संस्थानमा ६० करोड रुपैयाँ ऋण लगानी गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न कृषि तथा पशुपन्छि विकास मन्त्रालयलाई सहमति दिएको छ। दुग्ध विकास संस्थानले यो रकम तत्कालका लागि किसानहरूलाई दूधको बाँकी रकम भुक्तानीमा प्रयोग गर्न सक्नेछ।

चालु आर्थिक वर्षका लागि दुग्ध विकास संस्थानको नाममा ऋण लगानीअन्तर्गत १ करोड रुपैयाँ बजेट व्यवस्था भएकोमा कृषि मन्त्रालयमा विनियोजित रकमबाट थप ५९ करोड रुपैयाँ रकमान्तर गरी कुल ६० करोड ऋण लगानी गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न सहमति दिइएको हो। यससम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि सरकारले संस्थानमा ऋणको रुपमा लगानी गर्नेछ।

दुग्ध विकास संस्थानबाट दूधको भुक्तानी नपाएको भन्दै किसानहरूले भुक्तानीका लागि माग गर्दै आएका छन्। किसानलाई दुधको बाँकी रकम भुक्तानी गर्ने विषयमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी, दुग्ध विकास संस्थानका अधिकारीबिच पटक-पटक छलफल भएको थियो।

## बुटवल-नारायणगढ सडकको ठेक्का तोडिन सक्ने

बुटवल। भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले बर्खापछि पनि कामले गति नलिए बुटवल-नारायणघाट सडकको ठेक्का तोड्न सरकार बाध्य हुने बताएका छन्।

बुटवलबाट सडकको प्रगति हेर्दै नारायणघाट आइपुगेका मन्त्री दाहालले भरतपुरमा प्रेस चौतारीले गरेको पत्रकार सम्मेलनमा यो सडकको अवस्था 'क्रोनिक' (समस्याग्रस्त) हुन लागिसकेको बताए।

पूर्व-पश्चिम राजमार्गको नारायणघाट-बुटवल खण्ड निर्माणको सम्झौता सन् २०१९ को फेब्रुअरीमा भएको थियो । अहिलेसम्म भौतिक प्रगति करिब ५४ प्रतिशत भएको छ । मन्त्री दाहालले थपिएको अवधिभित्र निर्माणको काम जसरी पनि पूरा हुनुपर्ने बताए।

'सरकारको तर्फबाट कुनै समस्या छैन । निर्माण व्यवसायीले भुक्तानी पाइरहेका छन् । हामीसँग पैसा पनि छ । तर काम ढिला भइरहेको छ । त्यसलाई छिटो सम्पन्न गर्न हामीले विभिन्न चरणका छलफलहरू गरेका छौं । हाइ लेवलमा पनि वार्ता भएको छ,' दाहालले भने-'तपाईंहरूले ठेक्का लिएको हो निर्माणा व्यवसायीको तर्फबाट, त्यो जिम्मेवारी पूरा गर्नुपर्छ भनेर पटक-पटक सम्झाएका छौं।'

निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसन प्रालिले भने कोभिड-१९ र मूल्यवृद्धिका कारण काममा ढिलाइ भएको बताउने गरेको छ।

पछिल्ला महिना काम सुस्त भएपछि मन्त्री दाहालले तालिमका लागि चीन गएका आयोजना निर्देशकलाई निर्माण कम्पनी चाइना स्टेट कम्पनीमा पुगेर कुरा गर्न लगाएका थिए।

अहिले यो सडकमा ५०-५५ जना कामदारले मात्रै काम गरिरहेका छन् । मन्त्री दाहालले बर्खापछि पनि कामको गतिलो लक्षण देखिएन, उनीहरूले गरेको कामप्रति विश्वास भएन भने ठेक्का तोडेर जाने बताए।

स्वदेशी उद्योगको फर्निचर क्रान्ति :

# चिनियाँ र भारतीय विस्थापित गर्दै आवास फर्निचर

**विदेशी फर्निचर आयातमा लगाइने भन्सार दर वृद्धि गरेर स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने नीति र कानुन बनाउने हो भने हाल वार्षिक ५० करोडको फर्निचर बिक्री गरिरहेकामा निकट भविष्यमा वार्षिक एक अर्बको फर्निचर आयात विस्थापन गर्नसक्ने उद्योगको दाबी छ।**



*फर्निचर उद्योगका परिकल्पनाकार निर्माण थैव*

**टिआर शर्मा**
*बुटवल*

आधुनिक डिजाइन, हेर्दै आकर्षक अनि लोभलाग्दो फिनिसिङका सामान देख्नेबित्तिकै धेरैको दिमागमा चाइनिज वा विदेशी होला भन्ने परिहाल्छ।

तर रुपन्देहीको देवदह भलुहीस्थित आवास स्टिल एण्ड फर्निचर उद्योगका उत्पादनले चिनियाँ फर्निचरलाई डिजाइन, फिनिसिङ र गुणस्तर र मूल्यमा टक्कर दिँदै नेपाली फर्निचर पनि अब्बल छन् भन्ने सावित गर्दैछ।

कोरोना महामारीका बेला भएको लकडाउनकै बिचमा विदेशी फर्निचरको आयात विस्थापन गर्ने गरी युवा उद्यमी निर्माण श्रेष्ठ थैवले गुणस्तरीय र टिकाउ फेन्सी फर्निचर उत्पादनको कन्सेप्ट ल्याएका हुन्।

निर्माण औद्योगिक व्यापारिक घराना आवास ग्रुपको परिवारका तेस्रो पुस्ता हुन्।

व्यवस्थापनमा स्नातक तहसम्म अध्ययन गरेका निर्माणले प्लस टु पढ्दैदेखि परिवारको व्यापार हेर्न थालेका थिए। चाइनिज कुर्सी, टेबल, सोफा किनेको दुई चार महिनामै टुटफुट हुने समस्या हुन्थ्यो र ग्यारेन्टी वारेन्टी नभएकोले ग्राहकले चाइनिज उत्पादन प्रयोग गर्दा धेरै झण्झट व्यहोरेको देखेका उनले यस्तो समस्या एकदमै कम हुने गरी टिकाउ तर आकर्षक फेन्सी फिनिसिङका फर्निचर उत्पादन सुरु गरे।

कोरोनाका बेला विदेशबाट सामान आयात ठप्प भएको थियो, सोही मौकामा आधुनिक शैलीका फर्निचर बजारमा ल्याएपछि छोटो समयमै नेपालमा राम्रो बजार लिने अवसर पायो। बाहिरी आँखाले हेर्दा मात्र नभइ आवासका फर्निचर गुणस्तर र टिकाउमा पनि चिनियाँ र भारतीयभन्दा अब्बल भएपछि अहिले बजार पिटेको छ।

विदेशी फर्निचर हेर्दा आकर्षक भए पनि टुटफुट भएमा गुनासो गर्ने र मर्मत गर्ने सुविधा नभइरहेको अवस्थामा जहाँ आफ्ना उत्पादन पुगेका छन्, त्यहीँ ठाउँ-ठाउँमा मर्मत सुविधा दिएपछि आवासका फर्निचरप्रति बिक्रेता र उपभोक्ताको आकर्षण ह्वात्तै बढेको हो।

बजारमा आवासका फर्निचरको माग बढेपछि एउटा उद्योगले माग अनुसार पुऱ्याउन नसकेकपछि भलुहीसँगै काठमाडौंको नैकापमा पनि उद्योगको उत्पादन इकाइ सञ्चालनमा आइसकेको छ।

» बाँकी ३ पेजमा

# सिद्धार्थनगरमा ५ सय ई-रिक्साको मापदण्ड, दर्तामा आउन आग्रह



भैरहवा । पछिल्लो समय इरिक्साले नगरको ट्राफिक व्यवस्थापनमा अवरोध गरेसँगै सिद्धार्थनगर नगरपालिकाले व्यवस्थापनका लागि सरोकारवाला निकायसहित मापदण्ड बनाएको छ।

नगरपालिकाले विना दर्ताका अटो टेम्पु र ई-रिक्सा व्यवस्थापनमा कडाइ गर्दै दर्ता प्रक्रियामा नआउनेलाई सञ्चालनमा रोक लगाउने निर्णय समेत गरेको छ। सोमबार जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षिय बैठक मार्फत विभिन्न १० बुँदे निर्णय गर्दै ५ सय वटा अटो टेम्पु, ई-रिक्साको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने निर्णय गरिएको हो।

सिद्धार्थनगरभित्र विना दर्ताका अटो टेम्पु र ई-रिक्सा जस्ता तिन पांग्रे सवारीले सडक जाम गर्ने, यात्रुलाई महँगो भाडा असुल गर्ने, मनपरी पार्किङ्ग गर्ने गर्दा नगरभित्र पैदलयात्री तथा अन्य सवारी चालकलाई समस्या परेका गुनासो बारम्बार आउने गरेको थियो। यसलाई व्यवस्थापन गर्न भन्दै स्वयम् अटो चालकहरु नै आन्दोलनमा उत्रिएका थिए।

अटो टेम्पु र इ-रिक्सा चालकहरु नै हामीलाई नियमन गर भनेर सडकमा आउन थालेपछि सोमबार बसेको बैठकले कागजात विनाका अटो टेम्पु र इ-रिक्सालाई नगरभित्र सञ्चालनमा रोक लगाउने निर्णय गरिएको सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले बताए।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँनको अध्यक्षतामा सम्पन्न भएको बैठकले हाल नगरभित्र पाँच सयको संख्यामा अटो टेम्पु, ई-रिक्सा तीनपांग्रे सवारी दर्ता गर्ने निर्णय गरेको छ।

तीनपांग्रे सवारीको ब्लुबुल, चालकको सवारी चालक अनुमति पत्र, सवारीको बिमाको प्रमाणपत्रका आधारमा मात्र अटो टेम्पु र ई-रिक्सा तीनपांग्रे सवारीलाई दर्ता गरिने निर्णय भएको नगरप्रमुख इस्तियाक अहमद खाँनले जानकारी दिए । सर्वपक्षिय बैठकको निर्णय कार्यान्वयनका लागि सञ्चारकर्मी, प्रहरी प्रशासनको सहयोगको अपेक्षा रहेको उनले बताए।

बैठकको निर्णयअनुसार आवश्यकताको आधारमा नगरपालिकाले नियम, कानुन, ऐन संशोधन गरी एक सवारी धनीले बढीमा तीनवटा सवारी मात्र दर्ता गर्न पाउने, दर्ता भएका तीनपांग्रे सवारीलाई नगरपालिकाले पार्किङ्को उचित व्यवस्थापन गरिदिने, रुटपरमिट उपलब्ध गराउने, नगरभित्र सञ्चालनमा रहेका तीनपांग्रे सवारीलाई एक रुपता दिनका लागि अगाडिको भागमा पहेलो रंग लगाउन अनिवार्य गर्नेलगायतका निर्णय गरिएको बैठकको सहजीकरण गरेका रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए।

दर्ता प्रक्रियाका लागि तीन हप्ताको समय दिने र त्यसपश्चात् संयुक्त अनुगमन गरी दर्ता नभएको अटो टेम्पु र ई-रिक्सालाई सञ्चालनमा रोक लगाइने निर्णय गरिएको छ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## सुरूङमार्गले जगाएको आशा

अधिकांश विकास आयोजनाको काम सुस्त भइरहेका बेला सिद्धबाबा सुरूङमार्गको काम तीव्र ढंगले अघि बढेको छ। सुरूङमार्गको कुल १ हजार १ सय २६ मिटरमध्ये ४ सय ९० मिटर खनिएको छ। सुरूङमार्गको दुवैतिरबाट खनिएकोले काम छिटो सकिने आशा पलाएको छ।

सुरूङमार्ग बेलैमा सक्न सरकारी निकायको निगरानी पनि उत्तिकै छ। विभागीय मन्त्रीदेखि सम्बन्धित सरकारी कार्यालयका अधिकारीहरूले नियमित अनुगमन गरिरहेका छन्। विकास आयोजनामा हुने यस्तो अनुगमनले बेलैमा काम सक्न सघाउ पुऱ्याउँछ। दुई दिनअघि यहाँ आएका भौतिक पूर्वाधार विकास मन्त्री देवेन्द्र दाहालले सुरूङमार्गको ब्रेक थ्रु सय दिनमा हुने घोषणा गरेका छन्। अहिलेको गतिमा काम भए मन्त्रीले भनेझैं सय दिनमा ब्रेक थ्रु हुने अपेक्षा गर्न सकिन्छ।

सुरूङमार्ग निर्माण बेलैमा सक्न दबाब पनि छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै अझै दबाब बढ्ने छ। यो मार्ग हुँदै पाल्पा, पोखरा र मुक्तिनाथसम्म पर्यटक आवागमन हुने भएकोले पर्यटकको आवागमन सुरक्षित बनाउन छिटो सक्न दबाब हुनु स्वाभाविकै हो। छिटो काम सक्ने विषय मात्रै प्रधान होइन्, गुणस्तरीय काममा पनि उत्तिकै चासो दिनुपर्छ। काम सक्ने हतारोका कारण गुणस्तरीय काम भएन भने दिगो हुँदैन। गुणस्तर कमजोर भयो भने राज्यको अर्बौं लगानी खेर जान सक्छ। सुरूङमार्ग भन्दा उत्तर र दक्षिणतर्फको सडकलाई सुरक्षित बनाउन पनि बजेट विनियोजन हुन आवश्यक छ। पहिरोग्रस्त क्षेत्र केवल सुरूङमार्ग भएको ठाउँमात्रै होइन। पहिरोको जोखिम भएको ठाउँमध्ये सुरूङमार्ग भएको ठाउँ एउटा हो, उत्तर र दक्षिणतिरको सडकलाई सुरक्षित बनाउन उत्तिकै आवश्यक छ। सिद्धबाबा सडकलाई सुरक्षित बनाउन सक्दा नै यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न संभव छ। पर्यटकको सुरक्षित आवागमनले मात्रै पर्यटन प्रवर्द्धन संभव छ।

# दबाबले टिक्न नसकेको हदम्याद



**बलराम के.सी.**

*जेल सजाय भएको व्यक्तिलाई मन्त्री बनाउन नहुने थाइल्यान्डको नैतिकताको नमुना हो। हामीकहाँ ट्रान्सपरेन्सीले एसियाकै भ्रष्ट भनेको व्यक्ति प्रधानमन्त्री र भुटानी शरणार्थी प्रकरणमा नाम आएको व्यक्ति उपप्रधानमन्त्री र परराष्ट्रमन्त्री हुनुहुन्छ। देश चिनाउने प्रधानमन्त्री र विदेशमन्त्री आरजु देउवाले हो। विदेशमन्त्री नक्कली भुटानी शरणार्थी प्रकरणमा विवादित हुनुहुन्छ। दुईजना व्यक्तिले गर्दा अन्तर्राष्ट्रिय मञ्च र समुदायमा नेपाली शिर निहुरिन सक्छ। नैतिकता भनेको थाइल्यान्डको सर्वोच्च अदालतको फैसलाजस्तो हुनुपर्छ।*

देशको समस्या भ्रष्टाचार र नेतृत्व हो। नेतृत्वकै कारण भ्रष्टाचार बढ्यो। भ्रष्टाचार भनेको नैतिकता, इमानदारी, आचारण र शपथ किनबेचको उपज हो। नेतृत्व वर्ग आफैं भ्रष्टाचारमा लिप्त भएकाले 'मदर अफ भ्रष्टाचार' भन्न सक्ने आधार देखिन्छ। प्रधानमन्त्रीको पद 'पवित्र र सम्मानित' हो।

प्रधानमन्त्री निर्विवाद हुनुपर्छ। तर, प्रधानमन्त्री स्वयं गिरिबन्धु, गोकर्णको जंगलजस्ता भ्रष्टाचारको 'इपिसेन्टर' देखिनु दुःखद छ। ट्रान्सपरेन्सी इन्टरनेसनल भ्रष्टाचार मापन गर्ने आधिकारिक संस्था हो। ट्रान्परेन्सीको मापदण्डमा प्रधानमन्त्री एसियाकै भ्रष्ट प्रधानमन्त्रीमा पर्नुभएको छ। ट्रान्परेन्सीको मापदण्डलाई प्रधानमन्त्रीको विद्युत् महसुल नतिर्ने उद्योगीको काटिएको लाइन जोड्नु भन्ने आदेशले समर्थन गर्छ। प्रधानमन्त्रीलाई प्राधिकरणमाथि हस्तक्षेप गर्ने अधिकार थिएन। जनता कुलमान घिसिङको समर्थनमा उत्रिएपछि 'क्षती न्यूनीकरण'का लागि प्रधानमन्त्रीले ६ अर्ब होइन, २२ अर्ब बक्यौता नै असुल गर्नुपर्छ भनेर कुरा फेर्नुभयो।

बलियो कानुन नभएर र अदुअआलाई 'कंगारु आयोग' बनाउँदा भ्रष्टाचार बढेको हो। भ्रष्टाचार बलियो कानुन र सशक्त अदुअआबाट मात्र नियन्त्रण हुन सक्छ। ऐन र अदुअआ कमजोर छन्। ऐनमा 'घुस खाने', 'गर्न हुने काम नगर्न र गर्न नहुने काम गर्न' दबाब दिने, थुनामै बसेर पुर्पक्ष गर्नुपर्ने, आजीवन हदम्यादको व्यवस्था, भ्रष्टाचारीको सामाजिक बहिष्कार गर्ने व्यवस्था, लामो जेलसजाय र नीतिगत निर्णयमा अदुअआले अनुसन्धान गर्न पाउने व्यवस्था हुनुपर्छ।

हदम्यादको समस्या हाललाइ टऱ्यो। संसद् बिजनेस नपाएर बसिरहेको छ। कानुन बनाउन उद्योगमा जस्तो कलकारखाना, प्रविधि, प्राविधिक, बजार र मजदुर चाहिँदैन। ऐनको मस्यौदा संसद्मा पेस गरेपछि विधेयकले आफैँ गति लिन्छ। तीन करोड नेपालीको माग कडा भ्रष्टाचार कानुन र सशक्त अदुअआ भन्ने छ। सुझाव गरिएको व्यवस्था समेटेर भ्रष्टाचार निवारण ऐन २०८१ बन्नुपर्छ।

गिरीबन्धुमा सर्वोच्च अदालतले मनपरी जग्गा सट्टापट्टा गर्न कानुन बनाऊ भनेको छैन। जग्गा सट्टापट्टा गर्न दिनु तत्कालीन सरकारको स्वार्थ थियो। फैसलाको गलत अर्थ गरेर युद्धस्तरमा भूमिसम्बन्धी ऐन संशोधन गरियो। प्रभावकारी भ्रष्टाचार नियन्त्रण ऐन आवश्यक छ। तर, सरकार बनाउन डराउँछ। कानुन कडा र हालको कंगारु अदुअआलाई सशक्त बनाउने हो भने भ्रष्टाचार नियन्त्रण असम्भव छैन। तर, यस्तो काम भ्रष्ट सरकारबाट सम्भव छैन। ठुलो सडक आन्दोलनले मात्र प्रभावकारी भ्रष्टाचार ऐन बन्न सक्छ। सायद बालेन साह, कुलमानसिंह घिसिङ सिंहदरबार पुगे भने मात्र बन्ला।

भ्रष्टाचार नियन्त्रणका लागि सिंहदरबारमा परिवर्तन आवश्यक छ। सिंहदरबारको परिवर्तनले मात्र भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुन सक्छ। सरकार आफैँ नेपालमा बंगलादेशको जस्तो आन्दोलन निम्त्याउँदै छ। शेख हसिनाको शासनकालमा आर्थिक विकास भएको थियो। 'फ्रिडम फाइटर'का लागि कोटा छुट्याएका कारण देशनिकाला हुनुपऱ्यो। नेपालमा भ्रष्टाचारको नमुना संवैधानिक राजतन्त्रमा संवैधानिक पद कहिल्यै बढाबढमा बिकेन। उत्कृष्ट व्यक्ति खोजीखोजी नियुक्ति दिइन्थ्यो। गणतान्त्रिक नेपालमा संवैधानिक पदमा बढाबढको बोलपत्रका आधारमा जसले बढी कबोल गर्छ उसैलाई नियुक्ति दिने संस्कार बस्यो। नैतिकता, इमानदारी, आचरण बेचेर सरकारबाटै गरिएको भ्रष्टाचारको उदाहरण विश्वमै पाइँदैन।

भ्रष्टचार निवारण ऐन कडा र अदुअआलाई कंगारु नबनाइएको भए गिरीबन्धु टी स्टेट, भुटानी शरणार्थी, गोकर्ण फरेस्टका मुख्य पात्र आज पुर्पक्षमा हुने थिए। ठुला माछा फुत्काइने थिएनन्। पुर्पक्षका लागि थुनामा बस्नुपर्नेहरू आज मन्त्री भएका छन्। भ्रष्टाचार निवारण ऐन र अदुअआमा सुधार नै यसको समाधान हो। शासक नमिली भ्रष्टाचार सम्भव हुँदैन। शासक वर्ग र भ्रष्टाचारी मोटाए जनता गरिब भए। भ्रष्टाचारकै कारण चार्ल्स सोभराजले नेपालको भन्सारबाट हात्ती छिराउन सक्छु भनेका थिए। त्यो अवस्था आज पनि गएको छैन। नत्र सुनकाण्ड हुने थिएन। नेपाल भ्रष्टाचारीको स्वर्ग बन्ने थिएन।

न्यायपालिका स्वतन्त्र, स्वच्छ सुनुवाइको ग्यारेन्टी गरिएको र नेपाल आइसिसिपिआरको पक्ष भएकाले स्वच्छ सुनुवाइ भइहाल्छ। त्यसैले जिन्दगीभरको हदम्याद, भ्रष्टाचारको फराकिलो परिभाषा, लामो जेलसजाय, थुनामा बसेर पुर्पक्ष गर्ने, भ्रष्टलाई सामाजिक बहिष्कार गर्ने, नीतिगत निर्णयमा प्रधानमन्त्रीमाथि समेत अदुअआले अनुसन्धान गर्न पाउने व्यवस्थाले मौलिक हक हनन र मानवअधिकार उल्लंघन हुँदैन। देश 'पुलिस स्टेट' भनिँदैन। मानवअधिकार उल्लंघनकर्तालाई कालोसूचीमा राखेर सार्वजनिक गर्ने व्यवस्था संधिवानसम्मत मानिएपछि भ्रष्टाचार ठहर भएकालाई 'सामाजिक बहिष्कार' संविधानसम्मत नै हुन्छ।

सजायका दुई सिद्धान्त हुन्छन्। एउटा 'डिटरेन्ट' अर्को 'नरम'। भ्रष्टाचारमा सजायको व्यवस्था डिटरेन्ट हुनुपर्छ। भ्रष्टाचार भवितव्यबाट हुँदैन। नैतिकता, इमानदारी, आचरण, शपथ र राज्यको विश्वास बेचेर भ्रष्टाचार हुन्छ। घुस खान्नँ भनेर आफ्नो धर्मलाइ साक्षी राखेर शपथ खाएका सार्वजनिक पद धारणा गरेको 'पर्सन-इन-अथोरिटी'बाट मात्र भ्रष्टाचार हुन्छ। अधिकारको दुरुपयोग नैतिकता, इमानदारी र आचरणको विकाउबाट भ्रष्टाचार हुने हुनाले यसविरुद्ध कडा कानुन बन्नुपर्छ। जनतालाई सेवा पुऱ्याउने 'पब्लिक पर्पस'का लागि निकाय गठन गरिन्छन्। त्यस्ता निकायलाई अधिकार सम्पन्न गरिन्छ। इमानदारी, आचरण, नैतिकता, अधिकार र राज्यको विश्वास बेचेर हुने भ्रष्टाचारमा लामो जेलसजाय र आजीवन हदम्याद हुनुपर्छ। तब 'डिटरेन्ट इफेक्ट' सिर्जना भएर भ्रष्टाचार गर्न डराउँछन्।

०५९ को भ्रष्टाचार ऐन अब प्रभावकारी हुन सक्दैन। त्यसैले, भ्रष्टाचार नियन्त्रण ऐन २०८१ बन्नुपर्छ। कानुनलाई 'विल अफ द पिपल' अर्थात् 'जनताको इन्छा' मानिन्छ। तीन करोड नेपाली जनताको इच्छा कडा भ्रष्टाचार नियन्त्रण ऐन र सशक्त अदुअआ हो। हालको आन्दोलन यसैलाई लिएर भएको हो। सरकार भनेको जनाताको प्रतिनिधि हो। तीन करोड नेपालीले देश चलाउने हो भने भद्रगोल हुन्छ भनेर २५ जनाको मन्त्रिपरिषद्लाई देश चलाउने कार्यकारी अधिकार दिइएको हो। त्यही अधिकारको सही उपभोगबाट देश स्वर्ग र दुरुपयोगबाट नर्क बन्छ। गणतन्त्र नेपालमा गलत व्यक्तिहरू कार्यकारी अधिकारमा पुग्दा देश नर्क बन्यो। सरकारले तीन करोड नेपालीको चाहनाअनुसार काम गर्न सक्दैन भने पद त्याग गर्नुपर्छ। नयाँ बालेनहरूले सिंहदरबार सम्हाल्नेछन्।

तेस्रोपटक प्रधानमन्त्री हुँदा 'भ्रष्टाचारीका मुख हेर्दिनँ' भनेरै टार्नुभयो। चौथोपटकमा चित्रगुप्तको अदालतमा सामना गर्छु भन्नुभयो। धर्मनिरपेक्ष देशको कम्युनिस्ट प्रधानमन्त्रीले केटाकेटीले नपत्याउने चित्रगुप्तलाई अघि सारेर टार्न पाउनुहुन्न। १८ फागुन, ०७४ मा मैले एक दैनिकमा कालभैरवअगाडि मिडिया बोलाएर 'मैले भ्रष्टाचार गरेको छैनँ र गर्दिनँ पनि' भनेर शपथ खाएर देखाउनुहोस् भनेर लेखेको थिएँ। पुनः दोहोऱ्याउँछु, 'शपथ खानु'। चित्रगुप्तको काल्पनिक अदालतमा सामना गर्छु भन्नेले यही पृथ्वीको अदालतमा अदुअआ सामना गर्न किन हिचकिचाउने ?

आमनागरिक र दलका कार्यकर्तासमेत भ्रष्टचारले निराश छन्। टिकट नपाइएला भनेर नेताप्रति 'बाध्यात्मक बफादारी' देखाइरहेका छन्। शासकहरू कमजोर कानुन र कंगारु अदुअआमा रमाइरहेका छन्। कानुन बलियो होला अदुअआ सशक्त होला भन्ने त्रास शासक वर्गमा छ।

सरकारको अलोकप्रियता गौरा पर्वमा दुई नेताविरुद्ध भएको हुटिङले प्रमाणित गर्छ। हुटिङ प्रधानमन्त्रीको अलोकप्रियता हो। हुटिङविरुद्ध मुद्दा चलाइयो। प्रजातन्त्रमा हुटिङ गर्ने सरकारविरुद्धको अधिकार हो। तुरुन्त मुद्दा फिर्ता लिइयोस्। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले हुटिङलाई लिएर नैतिकताको प्रवचन दिनुभयो। हालै थाइल्यान्डको संवैधानिक अदालतले 'स्रेठाथासिभिनलाई नैतिक आचरण उल्लंघनमा प्रधानमन्त्री पदबाट बर्खास्त गऱ्यो। प्रधानमन्त्रीले ६ महिना जेलसजाय भएको पिनोट च्युलाई मन्त्री बनाएकाले नैतिकता र आचरणको उल्लंघनमा प्रधानमन्त्रीलाई बर्खास्त गरियो।'

जेल सजाय भएको व्यक्तिलाई मन्त्री बनाउन नहुने थाइल्यान्डको नैतिकताको नमूना हो। हामीकहाँ ट्रान्सपरेन्सीले एसियाकै भ्रष्ट भनेको व्यक्ति प्रधानमन्त्री र भुटानी शरणार्थी प्रकरणमा नाम आएको व्यक्ति उपप्रधानमन्त्री र परराष्ट्रमन्त्री हुनुहुन्छ। देश चिनाउने प्रधानमन्त्री र विदेशमन्त्री आरजु देउवाले हो। विदेशमन्त्री नक्कली भुटानी शरणार्थी प्रकरणमा विवादित हुनुहुन्छ। दुईजना व्यक्तिले गर्दा अन्तर्राष्ट्रिय मञ्च र समुदायमा नेपाली शिर निहुरिन सक्छ। नैतिकता भनेको थाइल्यान्डको सर्वोच्च अदालतको फैसलाजस्तो हुनुपर्छ।

अमेरिकी संविधानको धारा २, भारतको संविधानको धारा ७४(१) र हाम्रो धारा ७५(१) कार्यकारी अधिकार समान व्यवस्थाको हो। भारतको संविधानको धारा ७४(१)को विवेचनामा 'कार्यकारी प्रमुखको मानसिक शरीरिक अवस्था स्वस्थ र तन्दरुस्त हुनुपर्छ' भन्ने व्याख्या छ। त्यसका लागि मेडिकल बोर्डबाट परिक्षण भएर प्रमाणित भएको हुनुपर्छ। (कमेन्टरी अन द कस्टिच्युसन अफ इन्डिया, खण्ड इ पेज ३७०)। देशहितका लागि पुराना नेताले राजनीतिबाट सन्यास लिनुपर्छ।

अन्त्यमा,

(१) सरकार इमानदार हुँ भन्ने हो भने हदम्यादरहित भ्रष्टाचार निवारण ऐन २०८१ बनोस्।

(२) अमेरिकी राष्ट्रपति जो बाइडेनले आफ्नो देश, दल र अमेरिकी जनताका लागि भनेर राष्ट्रपतिमा नउठ्ने र उपराष्ट्रपतिलाई उम्मेदवार बनाउने निर्णय गर्नुभयो। यतिखेर उहाँको नैतिकताको ठूलो तारिफ भइरहेको छ। त्यही बुद्धि हाम्रा नेतामा पनि आओस्।

(३) हालको अदुअआ पञ्चायतको अदुनिआ हो। अदुनिआ राजा वीरेन्द्रको देन हो। अदुनिआ नहुँदा भ्रष्टाचारको कारबाहीमा कर्मचारी मात्र पर्थे, मन्त्रीलगायत नेतागण कारबाहीमुक्त थिए। त्यस्तै, अदुनिआअन्तर्गतको अदुनि नियमावली थियो। त्यो नियमावली विस्तृत थियो। त्यसलाई अक्षरशः पालना गर्ने हो भने भ्रष्टाचारको परिभाषा व्यापक थियो, हदम्याद लामो थियो। छिद्र खोजेर उम्कने ठाउँ थिएन। २०३० को अदुनि नियमावलीबाट दीक्षित भएर सुझाव गरिएको व्यवस्थासहित नयाँ कानुन बनाउने बुद्धि सरोकारवालामा आओस्। हालको भ्रष्टाचार निवारण ऐन २०५९ खारेज गरेर भ्रष्टाचार निवारण ऐन २०८१ बनाइयोस्।

नयाँ पत्रिकाबाट

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि



काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार उच्च अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक सय २७ दशमलव ३२ अङ्कले उकालो लागेर दुई हजार आठ सय २३ दशमलव २५ मा पुगेको छ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २२ दशमलव ९४ अङ्ले उकालो लागेर पाँच सय तीन दशमलव ८३ मा पुगेको छ। कूल तीन करोड १४ लाख ३० हजार ४८ कित्ता शेयर रु १३ अर्ब १० करोड ४६ लाख ३१ हजार आठ सय दुईमा कारोबार भयो।

नेप्सेका अनुसार, नेशनल हाइड्रोपावर, वेस्ट फाइनान्स, समृद्धि फाइनान्स, प्रोग्रेसिभ फाइनान्स र एनएलजी इन्स्योरेन्स कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। लक्ष्मी उन्नति कोष चार दशमलव ७१, माइखोला हाइड्रोपावर तीन दशमलव ५९, एनआइसी एसिया फ्लेक्स एक दशमलव ८७, सनराइज फोकस्ड इक्विटी फण्ड एक दशमलव ८१ र सामुदायिक लघुवित्तका लगानीकर्ताले एक दशमलव ६१ प्रतिशतले गुमाएका छन्।

# बागलुङमा अलैँची जोन बनाउने तयारी



बलेवा। जिल्लाका किसानले ११ पकेट क्षेत्र र तीन वटा ब्लक क्षेत्रका तीन सय हेक्टरमा व्यावसायिक अलैँची उत्पादन गरिरहेका छन्। उक्त तथ्याङ्कको आधारमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले यहाँ अलैँची जोन बनाउने तयारी गरेको छ।

परियोजनाले पहिलो चरणमा बागलुङको ३ सय हेक्टरबाट जोनको तयारी गरेको हो। अधिकतम पाँच सय हेक्टर क्षेत्रफल पुऱ्याउने लक्ष्यका लागि परियोजनाले पर्वतका केही क्षेत्रलाई पनि समेट्ने छ। बागलुङको जैमिनी नगरपालिका, काठेखोला, ताराखोला र बरेङ गाउँपालिका तथा गलकोट क्षेत्रमा व्यावसायिक अलैँची उत्पादन हुनेगर्छ।

पर्वततर्फ मोदी गाउँपालिका र फलेबास नगरपालिकाको उत्पादनलाई पनि जोनमा समावेश गर्ने परियोजनाको लक्ष्य छ। "पहिलो चरणमा बागलुङकै तीन सय हेक्टरलाई जोनको रुपमा विकास गर्छौं, त्यसपछि क्रमशः क्षेत्रफल थप्दै जाने हो", परियोजनाका वरिष्ठ कृषि विकास अधिकृत नारायण पौडेलले भने-"उत्पादन र बजारीकरण सुधार हुँदै गएकाले जोनको अवधारणामा पुग्यौं। परियोजनाको सिफारिसमा मन्त्रीस्तरीय निर्णयपछि जोनको काम कार्यान्वयनमा आउने छ।" हाल पकेट र ब्लकमा आबद्ध किसानको खेतबारीमा पुगेर अलैँची उत्पादन बढाउने भइरहेको छ।

तत्कालीन कृषि विकास कार्यालयले सामान्य उत्पादन र बजारीकरणमा साथ दिए पनि हाल परियोजनामार्फत् अलैँचीको क्षेत्र विस्तार भएको हो। पौडेलका अनुसार, हाल बागलुङबाट ३० मेट्रिकटन अलैँची विदेश निर्यात भइरहेको छ। त्यसबाहेक केही देशभित्रै बिक्री भएको हो। उत्पादनको ८० प्रतिशतबढी अलैँची निर्यात हुने गरेको हो। उपभोग गर्दा बागलुङमा हाल ४० मेट्रिक टनबढी अलैँची उत्पादन भइरहेको हो।

झापाको विर्तामोडबाट आउने व्यापारीले गाउँबाट अलैँची सङ्कलन गरेर लैजाने गरेका हुन्। व्यापारी किसानको बारीमै आउँदा पनि प्रतिकेजी न्यूनतम एक हजार पाँच सयदेखि दुई हजार एकसयसम्म मूल्य तिरेका छन्। कतिपय किसानले त आफै बिक्री गरेर चार हजार प्रतिकेजीसम्म पार्ने गरेका हुन्।

हिउँदमा लामो खडेरी पर्दा उत्पादनमा कमी हुने र केही रोग लाग्ने गरेका छन्। तर, ती समस्यालाई परियोजनाले तत्काल सम्बोधनको तयारी गरेको हो। कतिपय किसानले भने बजार कता पाइन्छ भनेर अन्यौल हुँदा क्षेत्र बढाउन नसकेको गुनासो गरेका छन्। परियोजनाको साथ र सल्लाह पाएमा उत्पादन बढाएर जाने गलकोट नगरपालिका-१ का किसान नेत्र बुढाथोकीले बताए।

दुई वर्षअघि जैमिनीका किसानको बारीमा लगाएको अलैँची कुहिएको थियो। परियोजनाले तत्काल औषधि उपचार गराएपछि जोगाउन सकेका थिए। "जैमिनीमा मात्रै वर्षमा दुई सय ५० क्विन्टल अलैँची बिक्री हुने गरेको छ", कृषि प्राविधिक प्रकृति शर्माले भनिन्-"बजारको सुनिश्चित गर्न सके अझै उत्पादन बढ्नेछ।" बरेङका किसानले पनि अलैँचीको राम्रो उत्पादन लिएको स्थानीय यामबहादुर थापाले बताए। बरेङमा अलैँचीबाट मात्रै वर्षमा एकदेखि तीन लाखसम्म कमाउने किसान धेरै छन्। ताराखोला गाउँपालिकामा पनि झण्डै दुई सय हेक्टर बढीमा अलैँची लगाइएको छ।

अलैँचीमा समस्या आयो भने तत्काल उपचार गरेमा क्षति न्यूनीकरण गर्न सकिने वरिष्ठ कृषि विकास अधिकृत पौडेलले जनाए। अत्यधिक गर्मी बढ्ने र सिँचाइको अभाव भएका गानो मर्ने गरेको हो। गत हिउँदमा लामो समय खडेरी लागेकाले त्यस्तो समस्या देखिएको हुनसक्ने भन्दै पौडेलले चालु आर्थिक वर्ष एक दर्जनभन्दा बढी सिँचाइका योजना पनि सञ्चालन गर्न बजेट व्यवस्था गरिएको जानकारी दिए। रासस

## चिनियाँ...

खासगरी आवासबाट उत्पादित डेस्क-बेञ्चलाई काठमाडौंका नाम चलेका राम्रा स्कूल, कलेजहरुले पनि प्रयोगमा ल्याउन थालेपछि अहिले माग धान्न नसकेको उद्योगका प्रबन्ध निर्देशक निर्माण श्रेष्ठ थैवले बताए । काठमाडौंसहित आवासका फर्निचर सातै प्रदेशमा पुगेको उनले बताए ।

उनका अनुसार काठमाडौंको काठमाडौं बर्नहार्ट कलेज, लिभरपूल इन्टरनेशनल कलेज, आदिम नेसनल कलेज, काठमाडौं भ्याली स्कूल, क्याम्ब्रिज पब्लिक स्कूललगायत स्कूल र कलेजमा आवासका डेस्क बेञ्चहरु प्रयोगमा आएका छन् । जसलाई विद्यार्थी र शिक्षकले समेत एकदमै मन पराएको कलेज सञ्चालकको भनाइ छ ।

आवासले घरायसीदेखि अफिस, होटेल, रिसोर्ट, रेष्टुरेण्ट, बैंक तथा वित्तीय संस्थालगायत सबै क्षेत्रमा प्रयोग हुने फर्निचरका दर्जनौं फेन्सी डिजाइनमा उत्पादन बजारमा ल्याएपछि चाइनिज र भारतीय फर्निचर प्रयोग गर्दै आएका नेपाली उपभोक्ताहरुको ध्यान खिच्न सफल भयो । उद्योगले डेस्क, बेञ्चका साथै इनडोर र आउटडोरमा प्रयोग हुने कुर्सी, टेबल, रिभल्भिङ कुर्सी, सोफा, भिजिटिङ चेयर र झुला उत्पादन गर्दै आएको छ ।

उद्योगले रुपन्देही र काठमाडौंमा गरी ४ सय जनालाई रोजगारी दिएको छ ।

उद्योगले अहिले वार्षिक ४० करोड रुपैयाँको फर्निचर बिक्री गरी विदेशबाट हुने आयात प्रतिस्थापन गरेको सञ्चालक निर्माण थैवले बताए । 'प्रत्येक वर्ष माग र बिक्री बढ्दै गएको छ, गत आर्थिक वर्ष ४० करोडको फर्निचर बिक्री भयो,' थैवले भने-'काठमाडौंमा पनि उत्पादन सुरु भएकाले चालु आर्थिक वर्ष ५० करोडभन्दा बढीको बिक्री हुने अनुमान छ ।'

२०७८ सालमा स्थापना भएको उद्योगले नेपाल सरकार, उद्योग मन्त्रालयबाट उत्कृष्ट नवप्रवर्तनकारी उद्योगमा छनोट भइ यो वर्ष पुरस्कृत भएको छ । सरकारले युवाहरुलाई स्वदेशमै उद्यम व्यवसाय गर्न सहज हुने वातावरण बनाइदिने हो भने आफूजस्ता युवाहरू विदेश जान छाडेर स्वदेशमै उद्यमशील बन्न सक्ने उनले औंल्याए ।

उद्योगका सञ्चालक एवं आवास ग्रुपका प्रबन्ध निर्देशक महेश थैवले विदेशी फर्निचर आयातमा लगाइने भन्सार दर वृद्धि गरेर स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने नीति र कानुन बनाउने हो भने आफ्नो उद्योगले वार्षिक एक अर्बको फर्निचर आयात विस्थापन गर्नसक्ने बताए । सरकारी तथ्यांकअनुसार हाल नेपालमा वार्षिक ९ अर्ब रुपैयाँको विदेशी फर्निचर आयात हुने गरेको छ । जसमा ६० प्रतिशत चाइनिज र ४० प्रतिशत भारतीय फर्निचरको हिस्सा छ । नेपालमा कूल भूगोलको आधा हिस्सा वनजंगल रहेकाले फर्निचर उद्योगमा देशलाई आत्मनिर्भर बनाउन सकिने संभावना रहेको थैव बताउँछन् ।

फर्निचर उद्योगका लागि चाहिने कच्चा पदार्थहरु काठ, स्टिल पाइप, प्लाईउड, रेग्जिनलगायत ९० प्रतिशत सामान नेपालमै उपलब्ध हुने र १० प्रतिशत कच्चा पदार्थ मात्र विदेशबाट आयात गर्नुपरेको उद्योगले जनाएको छ ।

**कसरी जन्मियो फर्निचर उद्योग ?**

निर्माण श्रेष्ठ थैव फर्निचर उद्योगमा आउनुअघि आफ्ना काकाहरु यज्ञश्वर थैव र महेश थैवको लगानीको मणिग्रामस्थित ज्याकुअर इण्डस्ट्रीमा काम गर्थे । ज्याकुअरले घरमा प्रयोग हुने पानीको धाराका सामान उत्पादन गर्थ्यो । तर निर्माणलाई त्यहाँ काम गर्दादेखि नै चाइनिज जस्तै आकर्षक फेन्सी फर्निचर उत्पादनमा रुचि थियो । अनि सल्लाहमै ज्याकुअर छाडेर देवदहको भलुहीमा आवास ग्रुपकै तीन बिगाह जग्गा रहेको ठाउँमा फर्निचर उत्पादन गर्ने योजना काकाहरुलाई सुनाए ।

काकाहरुले पनि निर्माणको प्रस्तावमा राम्रो संभावना देखेर फर्निचर उद्योगको नेतृत्व उनैलाई दिए । निर्माणका बुबाको दुर्घटनामा परेर मृत्यु भइसकेको थियो । थैव परिवारको पारिवारिक र संयुक्त लगानीमा अरु दर्जन बढी उद्योगहरु पनि छन् ।

उद्योगका लागि चाहिने संरचना निर्माण, फर्निचर उत्पादनका लागि चाहिने मेसिन र काठ फोम कपडालगायतका सामग्रीका लागि उनले लगानी गरे । प्लाष्टिकको दानाबाट डोरी उत्पादन गर्ने मेसिन पनि किने । जग्गासहित यो सबैमा अहिलेसम्मको लगानी २५ करोड पुगेको उनले बताए ।

कोरोना भित्रिएपछिको लकडाउनमा अधिकांश क्षेत्रका उद्योग बन्द भए । तर आवास स्टिल एण्ड फर्निचर उद्योगको उत्पादन रोकिएन ।

'कोरोना महामारी अरुका लागि अभिशाप भयो, तर हाम्रो फर्निचरलाई नेपाली बजारमा चिनाउन र छिट्टै स्थापित गर्न बरदान भयो,' निर्माणले भने-'लकडाउनमा पनि उद्योग बन्द भएन, कामदारलाई उद्योग भित्रै राखेर उत्पादन गरियो ।'

लकडाउनका बेला विदेशबाट फर्निचरलगायत सामान आयात बन्द थियो । यसको प्रत्यक्ष फाइदा आफूलाई भएको निर्माणले बताए ।

सुरुमा आफ्ना उत्पादनलाई यति राम्रो फिनिसिङका फर्निचर पनि नेपालमै बन्छन् र ? भन्दै उपभोक्ताले विश्वास नगरी चाइनिज नै होला भनेको निर्माणले स्मरण गरे । 'हाम्रा उत्पादन झट्ट हेर्दा चाइनिजभन्दा कम थिएनन्, उस्तै थिए, त्यसैले सुरुका दिनहरुमा व्यवसायी र उपभोक्तालाई विश्वास गर्न कठिन भयो, कतिपय व्यापारीले त चाइनिज फर्निचर भन्दै बेचेको पनि थाहा भयो,' निर्माणले विगत सम्झिँदै भने-'तर प्रयोग गरेपछि अहिले देशभरीबाट राम्रो रेस्पोन्स आएको छ, पहिले चाइनिज फर्निचर किन्नेले अहिले हाम्रो उत्पादन किन्न थालेका छन् ।'

गुणस्तरमा सम्झौता नगरी उपभोक्ताको मन जितेर प्रतिस्पर्धी मूल्यमा नेपाली उत्पादनलाई स्थापित गरी विदेशी फर्निचरको आयात प्रतिस्थापन गरी राष्ट्लाई योगदान गर्ने नै आफ्नो उद्देश्य रहेको निर्माणले बताए । निर्माणलाई बहिनी याचना र भाइ आवास थैवले साथ दिएका छन् ।

## सिद्धार्थनगरमा...

दर्ता प्रक्रियालाई विवादरहित बनाउनका लागि पहिले दर्ता गर्न आउने अटो टेम्पु र ई-रिक्सालाई पहिलो प्राथमिता दिइने बैठकले निर्णय गरेको छ । दर्ता भइ सञ्चालनमा रहेका अटो टेम्पु र ई-रिक्सा चालकहरुले अनिवार्य पोशाक लगाउनु पर्ने, यात्रुले देख्ने गरी, नगरपालिकाले तोकिदिएको भाडादर टास्नु पर्ने, नगरपालिकामा दर्ता भएको दर्ता नम्बर देखिने गरी राख्नु पर्नेलगायतका नियमहरु पलना गनुपर्ने निर्णय भएको छ ।

बैठकमा सिद्धार्थनगर नगरपालिका, जिल्ला प्रशासन कार्यालय रुपन्देही, सडक सुरक्षा तथा व्यवस्थापन क्षेत्रीय कार्यालय बुटवल, तीन वटै जिल्ला सुरक्षा कार्यालयका प्रमुख, स्वतन्त्र अटोचालक संघ, अटो टेम्पु र ई-रिक्सा चालक संघलगायतको उपस्थितिमा बैठक सम्पन्न भएको हो ।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको नेपाल लाइफ इन्स्योरेन्स लि.को बिमालेख यही मिति २०८१।०४। १२ गते भुमही देखि बुटवल जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम : इसान्भी पोखरेल**
**ठेगाना : सुनवल–१२, भुमही**
**बिमालेख नं. : १५००४६०२०**
**सम्पर्क : ९८५७०८०५८४**

## शितगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### ठाडा प्राथमिक स्वास्थ्य केन्द्र
### ठाडा, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१।०५।१८**

यस शितगंगा नगरपालिका अन्तरगत रहेको प्राथमिक स्वास्थ्य केन्द्र ठाडाको आ.व. २०८१/८२ को लागि आवश्यक तपशिलमा उल्लेखित कार्य दरभाउपत्र आव्हान गरी गराउनु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत पत्र प्राप्त योग्य इच्छक नेपाली उत्पादक/आपूर्तिकर्ताबाट निम्न शर्तहरूको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

१. दरभाउपत्र फारम तल उल्लेखित दस्तुर नगदै यस कार्यालयमा बुझाई (फिर्ता नहुने गरी) नगदी रसिद साथ उत्पादक / आपूर्तिकर्ता इजाजत पत्र, आ.व २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रहरूको नोटरी पब्लिक बाट प्रमाणित प्रतिलिपी सम्लग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकासित मितिले १५ औं दिनसम्म यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र प्रस्टसँग भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रस्टसँग लेखि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। कार्यालबाट जुन फर्मको नाममा दरभाउपत्र विक्री भएको हो सोही फर्मको नामबाट मात्र सिलबन्दी दरभाउपत्र दर्ता गर्नु पर्नेछ ।

३. उल्लेखित समय भित्र प्राप्त सिलवन्दी दरभाउपत्र सोही दिन २:०० बजे दरभाउपत्र स्वंय वा निजको प्रतिनिधि र कार्यालयका कर्मचारीहरूको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र साथ तपशिलमा उल्लेखित रकम धरौटी बापत यस प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रा.वा. बैंक ठाडा शाखामा रहेको खाता न. ३३८०१०००००४८७००१ मा जम्मा गरेको सक्कल दोस्रो प्रति भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैक ग्यारेन्टी (विडवण्ड) सक्कलै पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा औषधीको प्रत्येक परिणामको अंक अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ तथा केरमेट भएको ठाउँमा सहीछाप भएको हुनु पर्नेछ । अङ्क र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. दररेट भर्दा मु.अ. कर लाग्ने औषधि तथा सामग्री भएमा पनि मु.अ. कर बाहेकको दररेट भर्नु पर्नेछ । औषधि GMP Certified हुनु पर्नेछ ।

६. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसँग बुझी दरभाउपत्र भरेको मानिनेछ । दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. कुनै पनि कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । दरभाउपत्र संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

८. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी दरभाउपत्रमा भाग लिएको पाईएमा त्यस्ता दरभाउपत्रदाताको दरभाउपत्र रद्ध गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ । यस सूचनामा उल्लेख नभएको बुँदाहरूको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

९. बोलपत्र आईटम वाइज मुल्याङ्कन गरि स्वीकृत गरिने छ । मुल्याङ्कन गर्दा कम्तीमा ५० वटा आइटमको मुल्यलाई मूल्याङ्कन गरि स्वीकृत गरिने छ । बोलपत्र स्वीकृत पश्चात औषधि तथा सर्जिकल सामानहरु ठाडा प्रा.स्वा. के. को फार्मेसीमा बिक्रि गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार २०८२ को आषाढ मसान्त सम्मको लागि खरिद गर्न खरिद आदेश पठाईने छ र बोलपत्र दाताले आदेश पाएको ३ दिन भित्र आपूर्ति गर्नुपर्दछ । आपुर्ती गर्न ढिला भएमा अन्य आपुर्ती कर्ताबाट खरिद गरिनेछ र लागेको खर्च रहम असुल उपर गरिने छ ।

१०. औषधि तथा सर्जीकल सामान बिक्री हुन नसकेमा म्याद समाप्त हुनुभन्दा २ महिना अगावै फिर्ता लैजानु पर्छ र सोको लागत बोलपत्र दाताले स्वयम बेहोर्नु पर्छ । यस सम्बन्धमा अन्य थप कुराहरू बुझ्नु परेमा कार्यालय समय भित्र मो.नं. ९८६७१५९७०४, ९८४७४००८४७, ९८४७५३८४०२, ९८४७१८११५४ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

| ठेक्का नम्बर | बिबरण | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| १. २०८१/८२ | विभिन्न प्रकारका औषधी तथा सर्जिकल सामाग्री खरिद / आपुर्ति गर्ने कार्य | ५००००।- | १०००।- |

## रक्तसञ्चार प्रयोगशाला सामाग्री खरिद सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८१।०५।१८

नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवा नवलपरासी पश्चिमका लागि आ.व.२०८१/०८२ मा आवश्यक पर्ने प्रयोगशाला सामाग्री खरिद गर्नु पर्ने भएकोले ख्व्त मा दर्ता भएको इच्छुक प्रयोगशाला सामग्री आपूर्तिकर्ताले (फर्म दर्ता ,नविकरण एवं करचुक्ताको प्रमाण पत्रको प्रतिलिपि) सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न शर्तको अधिनमा रही यस जिल्ला शाखामा कार्यालय समय भित्र शिलबन्दी कोटेशन पेश गर्नु हुन सम्बन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

१. प्रयोगशाला सामाग्रीको विवरण सहितको कोटेशन फारम रु ५००।०० अक्षरेपी पांचसय तिरी ( फिर्ता नहुने गरी फर्म दर्ता ,नविकरण एवं करचुक्ताको प्रमाण पत्रको प्रतिलिपि सहित) जिल्ला शाखामा आवेदन पेश गरी शाखाबाट खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी कोटेशन पत्रको खाम वाहिर फर्मको नाम ठेगाना स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
३. आवश्यकताको आधारमा पटक पटक गरी प्रयोगशाला सामाग्री खरिद गरिनेछ ।
४. कोटेशन सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार यस जिल्ला शाखामा सुरक्षित रहनेछ ।
५. कोटेशन खोल्ने समयमा आपुर्तिकता फर्महरुको अनुपस्थितिले शिलबन्दी कोटेशन खोल्न बाधा हुने छैन ।
६. अन्य जानकारीको लागि फोन नं. ०७८–५२०५२६ मा सम्पर्क गर्न सकिनेछ ।

**शिलबन्दी कोटेशन खोल्ने मिति : २०८१ भाद्र २५ गते**
**समय : दिनको ०१ : ३० बजे**
**स्थान : रेडक्रस कार्यालय भवन परासी ।**

**नेपाल रेडक्रस सोसाइटी**
**नवलपरासी पश्चिम जिल्ला शाखा**

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## Jhimruk Rural municipality
## Office of the Rural Municipal Executive
### Bhyagute, Pyuthan
### Lumbini, Province, Nepal

## Invitation for Bids

Second Date of Publication: 2081/05/18 (AD 03/09/2024)

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of following Project under Sealed Quotation procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount (Without Vat) | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1. | JRM/SQ/GOODS/01/2081/082 | Extraction and Selling of River Bed Material at Jhimruk Rural Municipality Area | NRs. 1,369,199.07 | NRs. 40,000.00 | NRs. 1,000.00 |
| 2. | JRM/SQ/GOODS/02/2081/082 | Extraction and Selling of River Bed Material at Jhimruk Rural Municipality Area | NRs. 960,170.47 | NRs. 28,000.00 | NRs. 1,000.00 |
| 3. | JRM/SQ/GOODS/03/2081/082 | Extraction and Selling of River Bed Material at Jhimruk Rural Municipality Area | NRs. 725,377.38 | NRs. 20,000.00 | NRs. 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo, before 12 Hours on 2081/06/02 (AD 18/09/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 18-09-2024, 14:00 at the office of Jhimruk Rural Municipality
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**सडकको हरिबिजोकः**
बुटवल-नारायणगढ सडक निर्माणधिन छ। सडक समयमा निर्माण सम्पन्न नहुँदा सडकको हरिबिजोक रहेको छ। सोही खण्डअन्तर्गत पर्ने देवदह नगरपालिकाभित्र पर्ने मिलनचोकको बाटोको अवस्था। तस्विरः सामाजिक सञ्जाल।

# चार्जिङ स्टेशन सञ्चालन

देवदह । रुपन्देहीको देवदहमा विद्युतीय सवारी साधन चार्जिङ स्टेशन सञ्चालनमा आएको छ । देवदह-७ शितलनगरमा स्थापना गरिएको विद्युतीय चार्जिङ स्टेशनको एक कार्यक्रमकाबिच नगरप्रमुख धुव्रप्रसाद खरेल, उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग र प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले उद्घाटन गरेका हुन् ।

सिजी ग्रुपबाट सौजन्य स्वरुप ल्याइएका चार्जिङ मेसिन, देवदह नगरपालिकाको व्यवस्थापन र नेपाल विद्युत् प्राधिकरणको प्राविधिक सहयोगमा चार्जिङ स्टेशन सञ्चालनमा आएको हो । ४० किलोवाट क्षमताको सिसिएस सिङ्गल गन र ३० किलोवाटको थप अर्को सिङ्गल गनको मद्दतले स्टेशनबाट सेवाग्राहीले इलेक्ट्रिक गाडी (इभी) चार्ज गर्न सक्ने नगरपालिकाले जनाएको छ ।

चार्ज गरेवापत अनलाइनबाटै भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ । चार्जिङ स्टेशन शुभारम्भ कार्यक्रममा बोल्दै देवदह नगरपालिकाका नगरप्रमुख ध्रुवप्रसाद खरेलले देशभर ईलेक्ट्रिक गाडीको प्रयोग र माग बढ्दो अवस्थामा रहेकाले चार्जिङ स्टेशनको अवधारणा अघि सारिएको बताए । दैनिक १० वटा सवारी चार्ज गर्नेगरी हाललाई व्यवस्थापन गरिएको स्टेशनबाट मासिक ३ लाख आम्दानी लिने लक्ष्य राखिएको प्रमुख खरेलले जानकारी गराए ।

खरेलले भने-'अहिलेलाई दुईवटा मेसिन राखिएको छ भने थप दुई वटा चार्जिङ मेसिन जोड्ने योजनामा नगरपालिका रहेको छ ।' हाल स्टेशनबाट ठूला प्रकृतिका गाडी मात्र चार्ज गर्न सकिने भए पनि निकट भविष्यमा इलेक्ट्रिक अटोहरु समेत चार्ज गर्न मिल्ने गरी व्यवस्था मिलाइने प्रमुख खरेलले जनाए । चार्जिङ स्टशेनबाट हाललाई एक पटकमा २ वटा इलेक्ट्रिक गाडी चार्ज गर्न मिल्ने र चार्जमा लगाएका सवारीसाधन १ घण्टा भित्रमा फूल चार्ज हुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले बताए ।

नगर उपप्रमुख विद्यालक्ष्मी गुरुङको स्वागत र शाखा अधिकृत गंगाप्रसाद पन्थीको सञ्चालनमा भएको शुभारम्भ कार्यक्रममा देवदह आदर्श बहुमुखी क्याम्पसका अध्यक्ष बासुदेव रिमाल, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष गोबिन्द ठडराईलगायतले बोल्दै नगरपालिकाको पहलमा स्थापना गरिएको चार्जिङ स्टेशन स्थापना भएसँगै नेपाली मुद्रा स्वदेशमै रहनेमा जोड दिएका थिए ।

# लुम्बिनीमा गरिबीको दर १८ प्रतिशतमा झर्‍यो : मुख्यमन्त्री

बर्दिया । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले समृद्धि, विकास र सुशासनमा पार्टी पंक्तीको दायित्व बढेर गएको बताएका छन् । नेकपा एमाले बर्दिया जिल्ला कमिटिले ठाकुरद्वारामा आयोजना गरेको पार्टी प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले जनप्रतिधिनिले अघि बढाएका नविनतम नीति, कार्यक्रम र योजनालाई पार्टीले संस्थागत रुपमा साथ दिनुपर्ने, जनप्रतिनिधी र पार्टी पंक्ति चुनावमा भएको जस्तै सहकार्य, समन्वय हुन जरुरी रहेको धारणा राखेका थिए ।

'जनतासँग संवाद गरेर सरकारको नीतिहरू र योजनाबारे जानकारी दिने काम पार्टीपंक्तिको हुन जान्छ,' एमाले केन्द्रीय सदस्य समेत रहेएका आचार्यले भने-'जनताका समस्याहरू बुझ्न र समाधान गर्ने प्रयासमा सरकारलाई सहयोग समेत गर्नुपर्दछ ।'

मुख्यमन्त्री आचार्यले सरकारले गरेका राम्रा अभ्यासहरुको खुलेर प्रचारप्रसार गर्न निर्देशन दिएका छन् । साथै उनले सरकारले बनाएका नीति र योजना सुधारका लागि समेत सुझाव दिन समेत आह्वान गरेका छन् । सरकारले निर्माण गरेका नवितम विचार र सोंचलाई नागरिक तहमा पुर्‍याउन, सरकारी सेवामा नागरिकहरुको पहुँच बढाउन पार्टीपंक्तिबाट समेत भूमिका खेल्न आग्रह उनले गरे ।

लुम्बिनी प्रदेश सरकारले सुशासन, पारदर्शीता, जवाफदेहिताका साथै नागरिकको विश्वास जित्नेगरी काम थालेको उनले स्पष्ट पारेका छन् । पूर्व विशिष्ट व्यक्तिहरुले पाउँदै आएको सुविधाहरु खारेज गर्ने, मुख्यमन्त्री र मन्त्रिहरुलाई आचारसंहितको दायरा भित्र राख्ने, पाँच लाखभन्दा माथिका योजनालाई प्रतिस्पर्धाको माध्यमबाट कार्यान्वयनमा लैजाने विषय सुशासनसँग जोडिएको भन्दै नागरिकहरुको विश्वास जित्नेगरी प्रदेश सरकारले काम अघि बढाएको उनले बताए ।

प्रदेश सरकार गठन भएको छोटो अवधीमानै उपलब्धिहरु देखिएको, तर यसको प्रचार प्रसार हुन नसक्दा नागरिकहरुमा निरासा बढेको जस्तो देखिएको उनले टिप्पणी गरे ।

लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०७५/०७६ मा बहुआयामिक गरिबीको दर ३० प्रतिशत रहेकोमा हाल १८ प्रतिशतमा झरेको, बेरोजगारीको दर ११ प्रतिशतबाट घटेर ८ प्रतिशत पुगेको, ५ वर्ष मुनिको बाल मृत्युदर प्रतिहजार ४५ रहेकोमा हाल ३३ र नवजात शिशु मृत्युदर प्रतिहजार ३० रहेकोमा हाल २१ मा सीमित भएको उनले जानकारी दिए । माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादर ७५ प्रतिशतबाट बढेर ८४ प्रतिशत र खुद भर्नादर ४० प्रतिशतबाट ५७ प्रतिशतमा वृद्धि भएको, प्रदेश ऐन बमोजिम लुम्बिनी प्राविधिक विश्वविद्यालय स्थापना भई सञ्चालन भइरहेको उनले जानकारी दिए ।

बाह्रै महिना सिंचित हुने भूमि २४ प्रतिशतबाट ३५ प्रतिशत पुगेको, लुम्बिनी प्रदेश माछामासु र दूध उत्पादनमा आत्मनिर्भर भई अन्य प्रदेशमा समेत आपूर्ति भइरहेको, कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १४ प्रतिशत पुगेको समेत उनले जानकारी दिए । २०७५ सालमा सडकको लम्बाई ११ हजार २३३ किलोमिटर रहेकोमा हाल १५ हजार ७६ पुगेको, ३० मिनेटको दुरीमा पक्की सडकमा पहुँच भएको जनसंख्या ५० प्रतिशतबाट ६५ प्रतिशत पुगेको, १०९ मध्ये १०८ पालिकामा बाह्रै महिना पहुँचयोग्य सडक निर्माण भएको उनले जनाए ।

विद्युत्मा पहुँच पुगेको जनसंख्या ८१ प्रतिशतबाट ९८ प्रतिशत पुगेको, इन्टरनेटमा पहुँच भएको घरपरिवार ४९ प्रतिशतबाट ७६ प्रतिशत पुगे समेत प्रशिक्षणको क्रममा उनले जानकारी गराए । योजनाबद्ध विकासका माध्यमबाट लुम्बिनी प्रदेशमा कृषि, पर्यटन र उद्योग क्षेत्रमा सुधार हुँदै बताउँदै उनले महिला सहभागिता र सशक्तीकरण, सामाजिक समावेशीकरण, मानव संसाधन विकासलगायतका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएको उल्लेख गरेका थिए ।

# टाइगर प्यालेस रिर्सोटद्वारा तीन उद्देश्य सार्वजनिक

भैरहवा । रुपन्देहीको तिलोत्तमा नगरपालिका -१५, स्थित पाँचतारे टाइगर प्यालेस रिर्सोट नयाँ व्यवस्थापनले सञ्चालनमा ल्याएको एक वर्ष पुगेको छ । यस अवसरमा रिर्सोटले सोमबार कार्यक्रम आयोजना गरेर तीनवटा महत्वपूर्ण उद्देश्य सार्वजनिक गरेको छ । आगामी दिनमा आफ्ना सेवालाई नयाँ दिशा प्रदान गरेर अन्तर्राष्ट्रिय स्तरको ख्याती प्राप्त रिर्सोट बनाउन यस्ता उद्देश्य सार्वजनिक गरिएको जनाएको छ ।

पहिलो वर्ष रिर्सोटलाई पूर्ण सञ्चालनकालागि आवश्यक तयारीमा बिताएको व्यवस्थापनले व्यवस्थापन, कर्मचारी र समुदायको सहकार्यमा आगामी वर्ष उपलब्धिपूर्ण बनाउने जनाएको छ । त्यसकालागि कर्मचारीलाई उत्साहित तुल्याएर समुदायसित सहकार्य गरिने व्यवस्थापनले जनाएको छ । नयाँ व्यवस्थापनले सञ्चालनमा ल्याएको एक वर्ष पुगेको उपलक्ष्यमा सोमबार 'सेलिब्रेटिङ आवर टाइगर' शीर्षकमा कार्यक्रम आयोजना गरिएको थियो ।

रिर्सोटका प्रमुख कार्यकारी अधिकृत (सीइओ) दीपक लेखकले आन्तरिक वृत्ति विकासअन्तर्गत रिर्सोटले कर्मचारीको क्षमता वृद्धिमा जोड दिने जनाए । गत वर्ष उत्कृष्ट काम गर्ने कर्मचारीलाई सोमबार विभिन्न विद्याअन्तर्गत पुरुस्कृत गरिएको उनले बताए । यसकासाथै रिर्सोटमा कार्यरत कर्मचारीको व्यक्तिगत, व्यवसायिक, मानसिक र समग्र वृत्ति विकासलागि वर्षभरि कार्यक्रम सञ्चालन गरिने उनले जनाए । रिर्सोटमा अन्तर्राष्ट्रियस्तरको हस्पिटालीटी सेवा प्रदान गर्न कर्मचारीलाई नियमित तालिम प्रदान गरिने लेखकले बताए ।

रिर्सोटले सोमबार परिसरमा एक सय विभिन्न जातका बिरुवा रोपेको थियो । सीइओ लेखकले रिर्सोटमा कार्वन उत्र्सजन हुने वस्तुको प्रयोग शून्य बनाउने र हरियाली बढाएर वातावरण संरक्षणमा टेवा पुर्‍याउने बताए । 'आगामी केही वर्षभित्रै रिर्सोटले कार्वन उत्र्सजन हुने बस्तु शुन्य बनाउँदै लैजानेछौं,' उनले भने-'प्रत्येक वर्ष एक सय बिरुवा रोप्नेछौं भने होटलमा विद्युतीय गाडीको मात्रै प्रयोग गरिनेछ ।'

गैर आवासीय नेपालीको लगानीमा लामो समय बन्द रहेको रिर्सोट एक वर्ष अघि सञ्चालनमा आएको थियो । यस अवसरमा रिर्सोटले सामाजिक उत्तरदायित्वअन्तर्गत समुदायसित सहकार्यलाई जोड दिइने जनाएको छ ।

'स्थानीयसित मिलेर सरसफाइ र स्वच्छताका कार्यक्रम अगाडि बढाइनेछ,' लेखकले भने-'समुदायमा स्वास्थ्यसम्बन्धी जनचेतनाका कार्यक्रमसँगै स्थानीयलाई रिर्सोटमा हस्पिटालिटीसम्बन्धी इन्टर्नसीप र तालिमको व्यवस्था गरिनेछ ।'


## विजयनगर गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**खुरुहुरिया, कपिलवस्तु (लुम्बिनी प्रदेश नेपाल)**

## सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :- २०८१/०५/१७

यस विजयनगर गाउँपालिका वडा नं. ६ बद्धौरमा नवनिर्मित १५ शैया आधारभुत अस्पतालको लागि तपसिलका पदमा खुल्ला प्रतिस्पर्धाको आधारमा करार सेवामा पदपूर्तीका लागि तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पुर्ण कागजात संलग्न गरी दरखास्त दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| वि.नं. | पद | तह | संख्या | न्युनतम शैक्षिक योग्यता | कैफितय |
|---|---|---|---|---|---|
| ३/२०८१/०८२ | मेडिकल अफिसर | अधिकृत स्तर आठौ | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS कोर्ष उत्तीर्ण गरी मेडिकल काउन्सिलमा दर्ता भएको । | |
| ४/२०८१/०८२ | हेल्थ असिस्टेन्ट | सहायक पाचौं | २ (दुई ) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट पि.सि. एल. सामान्य चिकित्सा. कोर्स उत्तीर्ण गरी काउन्सिलमा दर्ता भएको | |
| ५/२०८१/०८२ | स्टाफ नर्स | सहायक पाचौं | २ (दुई) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स कोर्स उत्तीर्ण गरी काउन्सिलमा दर्ता भएको । | |
| ६/२०८१/०८२ | रेडियोग्राफर | सहायक पाचौं | २ (दुई ) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफी कोर्स उत्तीर्ण गरी काउन्सिलमा दर्ता भएको | |
| ७/२०८१/०८२ | फार्मेसी सहायक | सहायक पाचौं | २ (दुई) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट डिप्लोमा फार्मेसी कोर्स उत्तीर्ण गरी काउन्सिलमा दर्ता भएको | |

- उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको ।
- दस्खास्त दिनेः विजयनगर गाउँपालिका स्वास्थ्य शाखा, वडा नं. ६ बद्दौर (आधारभुत अस्पताल भवन मा) आवेदक स्वयम् उपस्थित भई वा कार्यालयको इमेल ठेगाना bijayanagarhealth@gmail.com मार्फत् माथि उल्लेखित कागजात पठाइ बुझाउन सकिन्छ ।
- दरखास्त दिने अन्तिम दिन :- मिति २०८१/०५/३१ गते कार्यालय समय भित्र, अन्तिम दिन सर्वजनिक विदा भएमा सो को भोलिपल्ट वा कार्यालय सञ्चालन भएको दिनको कार्यालय समय भित्र ।
- दरखास्त दस्तुरः- अधिकृत स्तरको लागि रु १०००।- सहायकस्तर पाचौको लागि रु ५०० नगदै वा यस गाउँपालिकाको आन्तरिक राजश्व खाता ग.१.१.१४१०१०७१५०५००१११ (GA–1.1 BIJAYNAGAR GA.PA. ANTARIK RAJASWO KHATA) मा जम्मा गर्न सकिनेछ ।
- परीक्षाको किसिम :- प्रारम्भिक योग्यताक्रमको छोटो सूची प्रकाशन र अन्तर्वार्ता परीक्षा ।
- आवेदन साथ संलग्न कागजातः
  (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (ख) हालसालै खिचेको फोटा ३ प्रति
  (ग) दरखास्त दस्तुर बुझाएको रसिद / बैंक दाखिला गरेको भौचर
  (घ) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
  (ङ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजातको प्रतिलिपि (च) तालिम भएको हकमा तालिम प्रमाणपत्रको प्रतिलिपि
- करार अवधिः सम्झौता बमोजिम ।
- सेवा सुविधाः मेडिकल अफिसरको हकमा दुई पक्षिय समझदारी र अन्यको हकमा गाउँपालिकाको निर्णय अनुसार ।
- परीक्षा मितिः प्रारम्भिक योग्यताक्रमको सूचि ( Short List) प्रकाशन गर्दा अन्य परीक्षाको मिति तय गरिनेछ ।
- आवेदनको ढाँचा यस कार्यालयको वेबसाइट www.bijaynagarmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

सम्पर्क नंबर- ९८४७०३५९०९, ९८५१२१६८६४

**प्रमुख प्रशासकीय अधिकृत**



आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (मुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com